नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
नेपाल गुणस्तर तथा नापतौल विभाग

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम आ.व. २०७८/०७९ कार्तिक महिनासम्मको नेपाल गुणस्तर तथा नापतौल विभाग, बालाजुको सूचना सम्बन्धी विवरणः

क० निकायको स्वरुप र प्रकृतिः औधोगिक उत्पादन र उत्पादकत्वमा गुणात्मक एवं परिमाणात्मक सुधार ल्याउन र नेपालभरी मेट्रिक पद्धतिमा आधारित नाप र तौलको स्टाण्डर्ड काय गरी प्रचलनमा ल्याउन गठन भएको संस्था । गुणस्तर क्रियाकलाप र नापतौल कार्यहरुलाई अझ बढी प्रभावकारी तथा व्यापक बनाउन यस विभाग सन् १९६४ देखि अन्तराष्ट्रिय नापतौल संस्था OIML (Organization for International Legal Metrology), र सन् १९९१ देखि ISO (International Organization for Standardization) को पत्राचार सदस्य (Corresponding Member) रहेकोमा सन् २०१४ मा पूर्ण सदस्यता प्राप्त गरेको, सन् १९८१ देखि APMP ( Asia Pacific Metrology Program) को संस्थापक सदस्य, सन् २००१ देखि IEC (International Electro-technical Commission) को सम्बन्धन प्राप्त सदस्य (Affiliate member) भएको हो ।

ख) निकायको काम, कर्तव्य र अधिकारः नेपाल गुणस्तर (प्रमाण-चिन्ह) ऐन, २०३७, स्टाण्डर्ड नाप र तौल ऐन, २०२५, स्टाण्डर्ड नाप र तौल (मोहरबन्द प्याकेज) नियमावली, २०७६ बमोजिम सर्वसाधरण जनताको हितको लागि कुनै वस्तुको गुणस्तर निर्धारण गर्ने तथा त्यस्ता वस्तुहरुमा गुणस्तर प्रमाण चिन्ह् प्रयोग गर्ने व्यवस्था गर्ने र नेपाल भरि मेट्रिक पद्दतिमा आधारित नाप र तौलको स्टाण्डर्ड कायम गरी प्रचलनमा ल्याउने । सो अन्तर्गत देहाय अनुसारका कार्यहरु रहेका छन्,

- प्रलेख मस्यौदा तर्जुमा गर्ने,
- गुणस्तर प्रमाण चिन्ह प्रदान गर्ने,
- गुणस्तर र नापतौल सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने,
- नापतौलको राष्ट्रिय स्टाण्डर्ड बनाई लागू गर्ने,
- गुणस्तर चिन्ह प्राप्त वस्तहरु उत्पादन गर्ने उद्योगहरुको आकस्मिक निरीक्षण तथा बजार अनुगमन गर्ने,

साथै सम्बन्धित ऐन, नियमले तोके बमोजिम अन्य कार्यहरु गर्ने ।

ग) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरणः कुल दरबन्दी ८९

घ) निकायबाट प्रदान गरिने सेवाः

- नेपाल गुणस्तर निर्धारण, वस्तु प्रमाणीकरण, प्रणाली प्रमाणीकरण, प्रयोगशाला प्रमाणीकरण, खेप प्रमाणीकरण, परिक्षण तथा विश्लेषण सेवा, क्यालिब्रेशन सेवा, प्राविधिक सेवा तथा तालिम, पुस्तकालय सेवा, कानूनी नापतौलको कार्यान्वयन, अन्तराष्ट्रिय व्यापारमा हुन आउने प्राविधिक अवरोध हटाउन आवश्यक सेवा/सहजीकरण

**ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार पदाधिकारीः** नागरिक बडापत्रमा उल्लेखित

**च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः** नागरिक बडापत्रमा उल्लेखित

**छ) निर्णय गर्ने प्रक्रिया र अधिकारीः** विभागको कार्यविधिमा उल्लेखित

**ज) निर्णयउपर उजुरी सुन्ने अधिकारी:** महानिर्देशक, उप-महानिर्देशक (प्रमाणीकरण महाशाखा)

**झ) सम्पादन गरेको कामको संक्षिप्त विवरणः** आ.व. ०७८/७९ कार्तिक महिनासम्मको

- नेपाल गुणस्तर संख्या १०२३ हालसम्म, २४ वटा नेपाल गुणस्तरको मस्यौदा तयार
- नेपाल गुणस्तर प्रमाण-चिन्ह (ईजाजतपत्र+प्रमाणपत्र): २१
- कारवाही/स्पष्टिकरण सङ्ख्याः ११
- उद्योग निरीक्षण सङ्ख्याः २९
- ग्याँस उद्योगको निरीक्षण संख्याः १७
- बजार/उद्योग नमुना संकलनः १६९
- नमुना परीक्षण सेवाः ९७४
- वैज्ञानिक नापतौलका उपकरणहरुको क्यालिब्रेशन संख्याः ३६२
- प्रणाली प्रमाणीकरण सेवा: १५
- Certification (Product and System), Laboratories (Chemical) को अडिट कार्य सम्पन्न
- ई-बोलपत्रको माध्यमबाट प्रयोगशालाका उपकरणहरु Universal Testing Machine (UTM) installation को कार्य भइरहेको, वैज्ञानिक नापतौल प्रयोगशालाका उपकरणहरु Mass Standards (2kg to 20 kg), Force Standards- Load Cell/Proving Rings, Fixed Point Cells with Baths, Calibration Bath, Multimeter for Temperature (Monitor) र Data Logger खरिदको लागि बोलपत्र आह्वान भई मूल्यांकनको चरणमा रहेको, Hydrostatic Pressure Test Machine र Porosity Tester for Paper खरिदको लागि प्राप्त बोलपत्र मूल्यांकनको चरणमा रहेको, प्रयोगशालाका लागि आवश्यक Accessories खरिद भएको ।

१) सूचना अधिकारी र विभागीय प्रमुखको नाम र पदः

विभागीय प्रमुखः महानिर्देशक श्री विश्वबाबु पुडासैनी

फोन नं. ०१४३५६८१०, email: bbp@nbsm.gov.np

सूचना अधिकारीः निर्देशक (रा.प.द्वी.प्रा.) श्री संजिव कुमार ठाकुर

फोन नं. ०१ ४३५०८१८, ९८४१४२५५७६, Email: info@nbsm.gov.np

tbtnbsm@gmail.com,

ञ० ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः

नेपाल गुणस्तर (प्रमाण चिन्ह्) ऐन, २०३७

नेपाल गुणस्तर (प्रमाण चिन्ह्) नियमावली, २०४०

स्टयाण्डर्ड नाप र तौल ऐन, २०२५

स्टयाण्डर्ड नाप र तौल नियमावली, २०२७

स्टाण्डर्ड नाप र तौल (मोहरबन्द प्याकेज) नियमवाली, २०७६

पेट्रोलियम पदार्थ वितरण पम्प जाँच तथा अनुगमन कार्यविधि, २०७२

ट) आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धि अध्याबधिक विवरणः आ.व. ०७८/७९ कार्तिक महिनासम्म मा कुल राजश्व १०१७६८५०/- पूँजिगत खर्च ७२७७७६/- चालु खर्च १९४६४४९३/-

ठ) वेभसाइटः www.nbsm.gov.np, email: info@nbsm.gov.np

ड) यस विभागले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धि विवरणः१

PTB Germany बाट प्राविधिक सहयोग

ढ) वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधी

- उद्योग/संस्थाहरुको गुण अडिट प्रतिवेदन- ५ वर्ष

- उद्योगको वैयक्तिक व्यवसायिक विवरण- ३० वर्ष
- कर्मचारीको व्यक्तिगत विवरण- ३० वर्ष
- नमुना कोड डिकोड विवरण बढीमा- १ वर्ष
- आकस्मिक निरीक्षण योजना- १ वर्ष
- परिक्षण एवंमापांकन (Testing & Calibration)प्रतिवेदन- ५ वर्ष
- गोप्य राख्न भन्ने व्यहोरा सहित विभिन्न सरकारी निकायबाट प्राप्त हुने विषयवस्तुसंग सम्वन्धित सूचना - लेखि आए बमोजिम

(उपरोक्त बमोजिमकोसूचना वर्गीकरणका लागि यस विभागको प.सं.०७४।७५ च.नं.५९ मिति २०७४।०४।०९ को पत्रबाट उद्योग मन्त्रालय पठाइएको)

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
नेपाल गुणस्तर तथा नापतौल विभाग

- उद्योगको वैयक्तिक व्यवसायिक विवरण- ३० वर्ष
- कर्मचारीको व्यक्तिगत विवरण- ३० वर्ष
- नमुना कोड डिकोड विवरण बढीमा- १ वर्ष
- आकस्मिक निरीक्षण योजना- १ वर्ष
- परिक्षण एवंमापांकन (Testing & Calibration)प्रतिवेदन- ५ वर्ष
- गोप्य राख्न भन्ने व्यहोरा सहित विभिन्न सरकारी निकायबाट प्राप्त हुने विषयवस्तुसंग सम्वन्धित सूचना - लेखि आए बमोजिम

(उपरोक्त बमोजिमकोसूचना वर्गीकरणका लागि यस विभागको प.सं.०७४।७५ च.नं.५९ मिति २०७४।०४।०९ को पत्रबाट उद्योग मन्त्रालय पठाइएको)